धातु | तामा ७५%<br>निकेल २५%
--- | ---
सिरेशन | साधा

मुद्रण संख्या १०,००,००० थान

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी डिल्लीरमण रेग्मी, कल्याणी रेग्मी मेमोरियल लाइब्रेरी, म्यूजियम एण्ड रिसर्च इन्स्टिट्च्यूटको उपयोगको लागि तपसिल बमोजिमको सर सामानमा भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ ।

तपसिल

Honda E.M. (Soundless) 650 portable A.C. 220 Volt 50HZ. generater with air-cooler 4 stroke engine, aircleaner, recoil starter and oil filter and hand-carrying 207 litre fuel tank capacity– एक थान ।

आज्ञाले,
चण्डीप्रसाद श्रेष्ठ
उपसचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ को सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ र ४ ले दिएको अधिकार प्रयोग गरी बागलुङ जिल्ला कालिका गाउँ विकास समिति वडा नं. ६ सुन डाँडा बजार घर भएको बागलुङमा लेखनदास काम गर्ने कृष्णप्रसाद श्रेष्ठको संदिग्ध मृत्यु सम्बन्धमा जाँचबुझ गरी प्रतिवेदन पेश गर्न महाकाली अञ्चल अदालतका अञ्चल न्यायाधीश श्री बुद्धबहादुर अधिकारीको एक सदस्यीय जाँचबुझ आयोग गठन गरी आयोगको काम कर्तव्य र कार्यविधि देहायबमोजिम तोकेको छ ।

330



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।